# लोक सेवा आयोग
कमलपोखरी, काठमाडौं

लोक सेवा आयोग
सूचना तथा प्रकाशन शाखा

# प्रेस विज्ञप्ति

मिति: २०८३/०५/१६

**विषय: बाढी प्रभावितहरूको सहयोगार्थ राहत रकम सम्बन्धमा।**

संवत् २०८३ साल भदौ १० गते बुधबार रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र गोरखा लगायतका तटीय क्षेत्रहरूमा भएको ठूलो जनधनको क्षतिप्रति आयोग स्तब्ध एवं मर्माहत भएको छ।

यस अकल्पनीय विपत्तिमा परी जीवन गुमाउनुहुने सम्पूर्ण दिवङ्गतहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ। साथै, विपद्बाट प्रभावित सम्पूर्ण नागरिकहरूप्रति सहानुभूति प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ।

यस विषम परिस्थितिमा राहत तथा पुनःस्थापना कार्यमा ऐक्यबद्धता जनाउँदै बाढी प्रभावितहरूको सहयोगार्थ आयोगका माननीय पदाधिकारीज्यूहरूको १५ (पन्ध्र) दिनको पारिश्रमिक बराबरको रकम तथा आयोगमा कार्यरत कर्मचारीबाट मिति २०८३/५/११ को सचिव बैठकको निर्णय बमोजिमको रकम 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा जम्मा गरिने बेहोरा जानकारीका लागि अनुरोध छ।

(पुरुषोत्तम शर्मा)
प्रवक्ता